नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं ।

**मसलन्द, कार्यालय सामान र छपाईका सामान खरिद सम्वन्धि सिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना**

वोलपत्रसूचना नं. १ प्रथम पटक प्रकाशित मिति २०७४/०४/२९

यस मन्त्रालयको लागि आ.व.२०७४/७५ को लागि आवश्यक पर्ने मसलन्द, कार्यालय सामान र छपाइका सामानहरु (वोलपत्र फाराममा उल्लेख भए अनुसार) सिलवन्दी वोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट उल्लेखित कार्य गर्न इजाजत प्राप्त गर्नुका साथै मू.अ.कर, स्थायी लेखा नं. र आ.व.०७२/७३ सम्मको कर चुक्ता गरेका ईच्छुक योग्य आपूर्तिकर्ताहरुवाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी वोलपत्र आव्हान गरिएको छ ।

**कामको विवरण:** **मसलन्द, कार्यालय सामान र छपाईका सामान (बोलपत्र फाराममा उल्लेख भए अनुसार) आपूर्ति गर्नुपर्ने ।**

**तपसिल**

१) शिलवन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन (मिति २०७४।५।२६) सम्म कार्यालय समय भित्र यस मन्त्रालयको खरिद ईकाई (कोठा नं. ११४) मा फर्म दर्ता (नविकरण सहित), मू.अ.कर, स्थायी लेखा नं. (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व.२०७२/७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि नोटरी पव्लिकबाट प्रमाणित गराई संलग्न राखी राजश्व दस्तुर वापत नगद रु.३०००/- (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२) खरिद भएका वोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं (मित २०७४।५।२७) दिन दिनको १२:०० वजे भित्र यस मन्त्रालयको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी यस **मन्त्रालयको खरिद ईकाइ** (कोठा नं. ११४ मा) दर्ता गराउन सकिने छ ।

३) दर्ता भएका वोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजे वोलपत्रदाता वा निजका प्रतिनिधीहरु र मन्त्रालयका प्रतिनिधीहरुको रोहवरमा यस मन्त्रालयमायमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४) बोलपत्र विक्रि गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि मन्त्रालय खुलेको दिन सोही समयमा हुनेछ ।

५) शिलवन्दी वोलपत्रसाथ जमानत वापत रु. ८३०००/- (त्रीरासी हजार मात्र) को.ले.नि.का. काठमाण्डौ, भूक्तानी केन्द्र नं.८ को सिंहदरवारस्थित एभरेष्ट बैंक लि. मा रहेको धरौटी खाता नं. १३५००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकबाट यस मन्त्रालयको नाममा जारी भएको, वोलपत्र पेश गर्ने अन्तिम मिति बाट कम्तिमा १२० (एक सय विस) दिन म्याद भएको वैंक ग्यारेन्टी (विडवण्ड) पेश गर्नु पर्नेछ साथै बोलपत्र स्वीकृत भएमा कार्य सम्पादन जमानत वापत स्विकृत रकमको ५ प्रतिशत रकम धरौटी राख्नु पर्ने छ ।

६) वोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ र अन्त्यमा १३ प्रतिशत मू.अ.कर जोडी कूल जम्मा कवोल अंक कायम गर्नु पर्नेछ ।

७) वोलपत्रदाताले बोलपत्र फाराममा उल्लेख भएका सबै सामानहरुको दर रेट अनिवार्य रुपमा भरी पेश गर्नुपर्नेछ कवोल गरेको दर रेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा वोलपत्रदाताको सही छाप भएको हुनु पर्नेछ ।

८) मन्त्रालयबाट विक्रि भएका बोलपत्र फाराममा उल्लेख भएका स्पेशिफिकेशन लगायतका विवरणहरु अध्ययन गरी सो संग सम्वन्धित कागजपत्रहरु अनिवार्य रुपमा संलग्न गरी बोलपत्रको प्रत्येक पानाहरुमा हस्ताक्षर गरी फर्मको छाप समेत लगाई पेश गर्नु पर्नेछ ।

९) बोलपत्र फाराम पेश गर्दा आंफुले उपलब्ध गराउन प्रस्ताव गरिएका प्रत्येक सामानहरु एक/एक प्रति नमूनाको रुपमा उपलब्ध गराउनुपर्नेछ उक्त सामानहरु बोलपत्र स्वीकृत हुने फर्महरुको २०७५ असार मसान्त पश्चात र बोलपत्र स्वीकृत नहुने फर्महरुको स्वीकृत हुने फर्म संग सम्झौता भए पश्चात फिर्ता गरिने छ । वोलपत्र स्वीकृत हुने फर्मले मन्त्रालयबाट माग भएको समयमा बोलपत्रमा उल्लेख भए अनुसारका सामानहरु उपलब्ध गराउनु पर्नेछ सो अनुसार नभएका सामानहरु मन्त्रालयले स्वीकार गर्ने छैन ।

१०) म्याद नाघी आएको, रीत नपुगेको प्रत्येक सामानको दर रेट उल्लेख नगरेको र शर्त राखिएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११) एक फर्मको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१२) बोलपत्र स्वीकृत गर्ने,अस्विकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।

१३) मन्त्रालयले आवश्यक ठानेमा स्विकृत भए वमोजिमका सामानहरु धेरै वा थोरै संख्यामा समेत माग गर्न सक्नेछ । माग गरिएका सामानहरु वोलपत्र फाराममा उल्लेख भएको भन्दा बढी भएमा बोलपत्रदाताले स्वीकृत दर रेटमा नै उपलब्ध गराउनु पर्नेछ ।

१४) सिलवन्दी वोलपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजातहरु सिलबन्दी वोलपत्रसाथ (सिलबन्दी खाम भित्रै पेश गर्नु पर्ने छ । ग्राह्यता सम्वन्धि कागजातमा निम्न लिखित कागजातहरुको प्रतिलिपी नोटरी पव्लिकबाट प्रमाणित गराई समावेश गर्नु पर्ने छ ।

क) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र (नवीकरण सहित)

ख) मू.अ.कर र स्थायी लेखा दर्ता नम्वर (प्यान) को प्रमाण पत्र,

ग) आ.व.०७२/७३ सम्मको कर चुक्ता गरेको प्रमाण पत्र,

घ) सार्वजनि खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) संग सम्वन्धित घोषणा पत्र,

१५) सूचनामा उल्लेख भएका कुराहरुको हकमा सोही वमोजिम र उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ संसोधन सहित एवं प्रचलित कानुन वमोजिम हुनेछ ।

१६) वोलपत्र सम्वन्धि थप जानकारी आवश्यक परेमा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारको फोन नं. ४२००१५६ मा सम्पर्क राखी बुझ्न सकिने छ ।

२०७४/०४/२९